नेपाल सरकार
सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
तराई-मधेश समृद्धि कार्यक्रम
केन्द्रीय समन्वय ईकाई, सिंहदरबार, काठमाडौं

# आयोजना/कार्यक्रम माग/प्रस्ताव पेश गर्ने सम्बन्धी सूचना ।

*(तराई-मधेश समृद्धि कार्यक्रम सञ्चालन निर्देशिका, २०८१ को अनुसूची-१ बमोजिम तराई-मधेश समृद्धि कार्यक्रम लागू भएका तराई-मधेशका २२ जिल्लाका २७८ स्थानीय तहहरुको लागि)*

*सूचना प्रकाशित मितिः२०८१/०९/२९*

तराई-मधेश समृद्धि कार्यक्रम सञ्चालन निर्देशिका, २०८१ अनुसार आगामी आ.व. २०८२/०८३ को लागि निर्देशिकामा तोकिएको शर्त र मापदण्ड भित्र रही *(निर्देशिका तपसिलमा उल्लेखित वेबसाइटमा हेर्न सकिने छ)*। आयोजना/कार्यक्रम सञ्चालन गर्न इच्छुक तराई-मधेश क्षेत्रका स्थानीय तहबाट निर्देशिकाको दफा-५ को उपदफा (१),(२) र (३) मा उल्लेखित लागत सहभागिता व्यहोर्ने गरी निर्देशिकाको दफा ७(२) मा तोकिए बमोजिमका क्षेत्र (क) सामुहिक आवास भवन (ख) साना सडक स्तरोन्नत्ति (ग) सामुदायिक पूर्वाधार (घ) कृषि विकास (ङ) खानेपानी तथा सरसफाई (च) सिँचाइ तथा नदी नियन्त्रण (छ) उर्जा (ज) पारम्पारिक पेशा प्रवर्द्धन एंव आय आर्जन तथा जीवनस्तर सुधारका क्षेत्रमा उल्लिखित निर्देशिकाको दफा ७(ज) मा निर्दिष्ट विवरण र शर्तानुसार अनुसूची-२ मा उल्लेख भएका वर्ग र समुदायसँग प्रत्यक्ष सरोकार राख्ने तथा तत् समुदाय लाभान्वित हुने प्रकृतिका आयोजना/कार्यक्रम सञ्चालन गर्न लागि अनुसूची-४ मा उल्लेखित आयोजना/कार्यक्रम माग फारम सहितको **निर्देशिकाको दफा ७(४) बमोजिम एउटा स्थानीय तहले अधिकतम ५ (पाँच) वटा आयोजना (प्राथमिकिकरण गरेर)** २०८१ माघ मसान्त सम्म तराई-मधेश समृद्धि कार्यक्रम, केन्द्रीय समन्वय इकाईको वेबसाइटमा रहेको रिपोर्टिङ सफ्टवेयर (**wppms.tmpp.mofaga.gov.np**) मा प्रविष्टि गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि निर्देशिकाको दफा-९ बमोजिम यो सूचना प्रकाशित गरिएको छ ।

*द्रष्टव्यः*

१. विपन्न समुदायको लागी सामुहिक आवास भवन, सामुदायिक भवन, विद्यालय भवन, उत्पादनमूलक तथा समाजकल्याण क्षेत्र अन्तर्गतका आयोजना/कार्यक्रमलाई उच्च प्राथमिकता दिईनेछ।

२. चालु आ.व. २०८१/०८२ मा कार्यक्रम स्वीकृत भई कार्यान्वयनमा रहेका स्थानीय तहले माग/प्रस्ताव पेश गर्दा कार्यान्वयनको प्रगति अनिवार्य रुपमा संलग्न राखी पेश गर्नुपर्नेछ। साथै, आगामी आ.व.को आयोजना/कार्यक्रमको स्वीकृतिको आधार प्रगति प्रतिवेदनलाई बनाइने व्यहोरा समेत जानकारी गराइन्छ।

*थप जानकारीका लागि सम्पर्क* :

रेणुका शाह (९८५१२७९६७१), ईश्वर घिमिरे (९८१७६१६९३६), विवेक पंडित (९८६५७२७०००)

*वेबसाइट : **tmpp.mofaga.gov.np / mofaga.gov.np***
*वेब पोर्टल : **https://wppms.tmpp.mofaga.gov.np***

फोन नं.: ०१- ४२०००३८, ४२००००८, ४२००११४
**E-mail:** mofaga.tmpp@gmail.com, **Website:** www.tmpp.mofaga.gov.np